# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०७८/०७९
च.नं.:

## विज्ञापन कर उठाउने कार्यको बोलपत्र आह्वान सम्बन्धी ३० दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८।०५।१६

ठेक्का नं.– आय-०१।०७८।०७९

अन्तर/सरकारी वित्त व्यवस्था ऐन२०७४ को दफा ५ उपदफा १ (घ) बमोजिम यस नगरपालिकाको आ.व.०७८।०७९ र ०७९।०८० दुई आ.व.को लागि विज्ञापन कर उठाउने कार्य ठेक्काद्वारा सञ्चालन गर्नुपर्ने भएकोले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहने गरी ईच्छुक फर्मबाट बोलपत्रपत्र आह्वान गरिन्छ ।

**ठेक्का सम्बन्धि शर्तहरु**

१ बोलपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले ३० दिनसम्म कार्यालय समयभित्र रु.३,०००। (फिर्ता नहुने गरि) राजस्व तिरि खरिद गर्न सकिनेछ । यसका लागि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थाई लेखा नं. दर्ता प्रतिलिपि, आ.व.०७७।०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि निवेदन दिनुपर्नेछ ।

२ ठेक्काको न्युनतम अंक मू.अ.कर बाहेक रु.३०,४०,०००। (अक्षरुपी तिस लाख चालिस हजार मात्र) कायम गरिएको छ ।

३ प्रत्येक आर्थिक वर्षको रकम एकमुष्ठ अग्रिम रुपमा दाखिला गर्न चाहेमा सोही आ.व मा दाखिला गर्नुपर्ने एकमुष्ठ रकमको १०% का दरले हुने रकम छुट दिईनेछ । दाखिला गर्न बांकी अर्को आ.व.को रकमको लागि सम्झौताका बखत वाणिज्य बैंकले जारी गरेको जमानत पेश गर्नुपर्नेछ । यसरी दाखिला गर्नको लागि तालिका देहाय बमोजिम हुनेछ ।

| विवरण | रकम दाखिला गर्नुपर्ने अवधि | दाखिला गर्नुपर्ने रकम |
|---|---|---|
| आ.व.०७८।०७९को एकमुष्ठ रकम | सम्झौता गर्दाका बखत | कबोल रकमको ५०% ले हुने रकम |
| आ.व.०७९।०८०को एकमुष्ठ रकम | ०७९ श्रावणमा नवीकरण गर्दाका बखत | कबोल रकमको ५०% ले हुने रकम |

४ प्रत्येक आर्थिक वर्षको रकम किस्ताको रुपमा दाखिला गर्न चाहेमा यसको लागि भुक्तानी तालिका देहाय बमोजिम हुनेछ । दाखिला गर्न बांकी रकमको लागि सम्झौताका बखत वाणिज्य बैंकले जारी गरेको जमानत पेश गर्नुपर्नेछ ।

| विवरण | रकम दाखिला गर्नुपर्ने अवधि | दाखिला गर्नुपर्ने रकम |
|---|---|---|
| आ.व.०७८।०७९ को प्रथम किस्ता | ठेक्का सम्झौताका बखत | कूल कबोल रकमको २५% ले हुने रकम |
| आ.व.०७८।०७९को अन्तिम किस्ता | ०७८ चैत्र मसान्त | कूल कबोल रकमको २५% ले हुने रकम |
| आ.व.०७९।०८० को प्रथम किस्ता | ०७९ श्रावणमा नवीकरण गर्दाका बखत | कूल कबोल रकमको २५% ले हुने रकम |
| आ.व.०७९।०८०को अन्तिम किस्ता | ०७९ चैत्र मसान्त | कूल कबोल रकमको २५% ले हुने रकम |

५ बोलपत्र फाराम सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म दाखिला गरि सक्नुपर्नेछ । सोही दिन दिनको २:०० बजे खोलिनेछ ।

६ बोलसाथ आँफुले कबोल गरेको अंकको ५% ले हुने रकम यस कार्यालयको एनआईसि एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं. A5CA549959952403 मा नगदै जम्मा गरेको सक्कलै भौचर वा ९० दिनको म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।

७ न्युनतम अंकमा मु.अ.कर र अन्य करहरु समावेश गरिएको छैन । ठेक्का लिने पक्षले ठेक्का सम्झौताका बखत कबोल अंकको १.५%ले हुने अग्रिम आयकर बापतको रकम एकमुष्ठ रुपमा र हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर वापतको रकम आन्तरिक राजस्व कार्यालयमा बुझाई भौचर पेश गर्नुपर्नेछ ।

८ सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताले बोलपत्र स्वीकृत भएपछि तोकिएको अवधिमा ठेक्का सम्झौता गर्नु पर्नेछ । तोकिएको अवधिमा सम्झौता नगरेमा वा ठेक्का लिन मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्रदातालाई प्राथमिकता दिई निजहरुलाई सूचना जारी गरी ठेक्का बन्दोबस्त गरिनेछ । यसरी दोश्रो, तेश्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने बोलपत्रदाताको धरौटी जफत

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०७८/०७९

च.नं.:

गरिनेछ । जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको कबोल रकमको अन्तर वढी हुने भएमा सो अन्तर वरावरको रकम अघिल्लो क्रमको बोलपत्रदातावाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

९ ठेक्का अवधि ०७८।०७९ र ०७९।०८० गरि दुई आ.व.को हुनेछ । सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले बिचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

१० बन्द, हडताल वा अन्य कुनै पनि कारणले राजस्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षतिपुर्ति दिन बाध्य हुने छैन

११ ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

१२ तिनै तहको सरकारले प्रतिबन्ध लगाएको तथा आम नागरिकलाई प्रतिकुल असर पार्ने खालका होर्डिङ्ग बोर्ड राख्न पाईने छैन । स्वदेसी उत्पादनलाई बढावा दिने खालका विज्ञापनका बोर्डहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

१३ तिनै तहका सरकारद्वारा जारि गरिएका जनचेतनामूलक होर्डिङ्ग बोर्डबाट कर संकलन गर्न पाईने छैन ।

१४ सार्वजनिक लगायत नीजि स्थानमा राखिएका होर्डिङ्ग बोर्ड, वाल पेण्टिङ्ग, फ्ल्यास व्यानर आदी जस्ता व्यवसायिक विज्ञापनहरुको मात्र विज्ञापन कर उठाउन पाईनेछ ।

१५ अन्य जानकारीको लागि कार्यालय समय भित्र आर्थिक प्रशासन शाखा तथा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ

१६ यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१७ आ.व.०७८।०७९ र ०७९।०८० का लागि विज्ञापन करको दरहरु यसप्रकार हुनेछ । कर संकलन गर्दा उक्त दरमा १३% ले थप गरि संकलन गर्नुपर्नेछ । साथै कर संकलन गर्न अनिवार्य रुपमा यस कार्यालयबाट प्रमाणित गराईएको नगदी रसिदको प्रयोग गर्नु पर्नेछ ।

| | | |
|---|---|---|
| क) | होर्डिङ्गबोर्ड प्रति वर्गफिट | रु.५५। |
| ख) | ग्लो साईनबोर्ड प्रति वर्गफिट | रु.६६। |
| ग) | भित्ते लेखन प्रति वर्गफिट | रु.२२। |
| घ) | व्यानर प्रति वर्गफिट | रु.३३। |

प्रमुख प्रशासकीय अधिकृत